हेटौंडा उपमहानगरपालिका

# हेटौंडा राजपत्र

खण्डः ४ | सङ्ख्याः १ | मितिः२०७७/११/१४

## भाग- ३

## हेटौंडा उपमहानगरपालिका एच. आई. भी. संक्रमित सहयोग सम्बन्धी मापदण्ड, २०७७

### प्रस्तावनाः

यस उपमहानगरपालिका क्षेत्र भित्र रहेका एच. आई. भी. संक्रमितहरुलाई पोषण, शैक्षिक सहयोग एवं उपचार खर्च उपलब्ध गराई शैक्षिक निरन्तरताका लागि अभिभावकत्त्व प्रदान गर्न र संक्रमित व्यक्तिको उपचारमा सहयोग गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि हेटौंडा उपमहानगरपालिका नगरकार्यपालिकाले यो मापदण्ड बनाई जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस मापदण्डको नाम "हेटौंडा उपमहानगरपालिका एच. आई. भी. संक्रमित सहयोग सम्बन्धी मापदण्ड, २०७७" रहेको छ ।

(२) यो मापदण्ड राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्ड,

(क) "उपमहानगरपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) "कार्यालय" भन्नाले हेटौंडा उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ग) "कार्यपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिका सम्झनु पर्दछ।

हेटौंडा राजपत्र

(घ) “मापदण्ड” भन्नाले हेटौंडा उपमहानगरपालिका एच. आई. भी. संक्रमित सहयोग सम्बन्धी मापदण्ड, २०७७ सम्झनु पर्दछ ।

**३. कार्यविधिको उद्देश्यः**

(१) उपमहानगरपालिका क्षेत्र भित्रका एच. आई. भी. संक्रमित वालवालिकाहरुलाई पोषण र शौक्षिक सहयोग गर्न ।

(२) संक्रमित वालवालिकाको शैक्षिक निरन्तरतामा सहयोग गरी अभिभावकत्त्व प्रदान गर्न ।

(३) एच. आई. भि. संक्रमित व्यक्तिहरुको उपचारमा सहयोग पुऱ्याउने ।

**४. मापदण्डले व्यवस्था गर्ने सहयोगः** यस मापदण्डले एच. आई. भि. संक्रमित व्यक्तिहरुलाई देहाय वमोजिमको सहयोग उपलब्ध गराउनेछः

(१) वालवालिकालाई पोषण तथा शैक्षिक सहयोग ।

(२) एम्बुलेन्स भाडा तथा उपचार सहयोग ।

**५. पोषण तथा शैक्षिकसहयोग प्राप्त गर्ने विधिः-** (१) यस मापदण्ड वमोजिमको सहयोग हेटौंडा उपमहानगरपालिका क्षेत्र भित्र वसोवास गर्ने एच. आई. भि. संक्रमित वालवालिकाहरुलाई मात्र प्रदान गरीनेछ ।१८ वर्ष मुनिका एच. आई. भी. संक्रमित वालवालिकालाई पोषण सहयोगबापत मासिक जनही रु १,०००।- र १८ वर्ष माथिका एच. आई. भि. संक्रमित विद्यार्थीहरुलाई शैक्षिक सहयोग वापत मासिक जनही रु १,०००।- का दरले रकम उपमहानगरपालिकाले उपलब्ध गराउनेछ।

(२) लाभग्राहीले यस सुविधा प्राप्तिका लागि अभिभावकको नागरिकता, बालबालिकाको हकमा उमेर खुल्ने कागज/प्रमाण र विद्यार्थीको हकमा सम्बन्धित शिक्षण संस्थाबाट अध्ययन निरन्तरताको प्रमाणित पत्र उपमहानगरपालिकामा पेश गर्नु पर्नेछ ।

**६. एम्बुलेन्स भाडा सहयोग तथा उपचार सहयोगः(१)** एच. आई. भी. संक्रमितलाई उपचारको क्रममा स्थानीय स्तरमा उपचार हुन नसकी अन्यत्र वाहिर लान अस्पतालले रिफर गर्दा एम्बुलेन्स आवश्यक परेमा नेपाल रेडक्रस सोसाइटीसंग समन्वय गरि बिल बमोजिमको एम्बुलेन्स भाडा उपलब्ध गराइनेछ।

**(२)** सरकारी अस्पतालको चिकित्सकको प्रेस्क्रिप्सन अनुसारको औषधी खरिद तथा परिक्षण (बिमा भित्र नसमेटिएका) गराउदाँ लागेको रु ४,०००। सम्मको बिलको सोधभर्ना भुक्तानी कार्यालयले गर्नेछ।

(३) औषधी उपचारको रकम सोधभर्ना लिन प्रेस्किप्सन र बील सहितको निवेदन कार्यालयमा पेश गर्नु पर्नेछ । कार्यालयले उपमहानगरपालिका स्तरको एच आई भि एड्स समन्वय समितिमा आवश्यक छलफल गरी छानविन गरी सिफारीस गरेको आधारमा कार्यालयले भुक्तानी गर्नेछ ।

**७. समन्वय समितिः (१)** यस मापदण्डको कार्यान्वयनमा सहजीकरण एंव समन्वय गर्न देहायवमोजिमको उपमहानगरपालिका स्तरको एच. आई. भी. एड्स समन्वय समिति क्रियाशिल हुनेछ।

**(क)** कार्यालयले तोकेको स्वास्थ्य तर्फका अधिकृत कर्मचारी.................................................. संयोजक

**(ख)** एच. आई. भी. एड्सका क्षेत्रमा क्रियाशिल महासंघका (NAP-N) एक प्रतिनिधि ......... सदस्य

(ग) सामाजिक विकास समितिले तोकेको एच. आई. भी. एड्स तथा लागु पदार्थ दूर्व्यसन विरुद्धको क्षेत्रमा कार्यरत संघ संस्थाका तीन जना प्रतिनिधि ............. सदस्य

(२) समन्वय समितिको बैठंकमा आवश्यकता अनुसार विषयविज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

८. **भुक्तानी विधीः (१)** दफा ५ को उपदफा(२) बमोजिमको कागजात सहितको विवरण उपमहानगरपालिका स्तरको (एच. आई. भी. एड्स) समन्वय समितिमा प्राप्त भएपछि समितिले आवश्यक छानबिन गरि लाभग्राहीको रुपमासिफारीस गर्नेछ । समन्वय समितिको सिफारिसको आधारमा कार्यालयबाट निर्णय गराई लाभग्राहीको हैसियतमा सहयोग रकम उपलब्ध गराइनेछ ।उपचार खर्च र एम्बुलेन्स भाडा रकमको हकमा समन्वय समितिको सिफारिस वमोजिम कार्यालयबाट भुक्तानी गरिनेछ ।

(२) पोषण तथा शैक्षिक सहयोग वापतको रकमलाभग्राहीहरुलाई मासिक रुपमा बैंक मार्फत भुक्तानी गरिनेछ।

९. **मापदण्डको व्याख्याः-** यो मापदण्डको अन्तिम व्याख्या गर्ने अधिकार कार्यपालिकामा निहित रहनेछ।

१०. **थपघट तथा हेरफेरः** मुलुकको आवश्यकता, प्राथमिकता एवं सन्दर्भलाई समेत मध्यनजर गरी कार्यपालिकाले प्रचलित कानूनसँग नबाझिने गरी यस मापदण्डमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ ।

प्रमाणीकरण गर्नेको
नाम थरः नमराज घिमिरे
पदः प्रमुख प्रशासकीय अधिकृत
पृष्ठ संख्याः २
मितिः २०७७।११।१४

हेटौंडा राजपत्र